नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ६९

मितिः- २०८०/०४/३२

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ७८ मिति २०८०/०४/३१ को डेंगी संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।



01

# नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
### स्वास्थ्य समन्वय महाशाखा


१ ४- { २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२०८७ २६२४६८ २६२५४३


पत्र संख्या: २०८०/८१/४/प्रा.स्था.स्वा.
च.नं. ७८

रामशाहपथ
काठमाडौं, नेपाल
मितिः २०८०/०४/३१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः डेंगी संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा।

प्रस्तुत विषयमा यस वर्षको वैशाखमा छिटपुट देखिएको डेंगी संक्रमण हाल सम्म आइपुग्दा ११,००० भन्दा बढीमा देखिइसकेको छ। डेंगी संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि कार्ययोजना सहित विभिन्न कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहमा संचालन भैरहेका छन्। यसरी कार्यक्रम संचालन गरिरहदा पनि संक्रमणको दर बढिरहेको र यस वर्ष पनि डेंगी संक्रमण देखापरिसकेको सन्दर्भमा डेंगी रोग निदान, व्यवस्थापन, रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिमका कार्यहरु गर्ने गराउने व्यवस्था मिलाउन तहाँ मन्त्रालय मार्फत प्रदेश तथा स्थानीय तहहरुलाई जानकारी एवं परिपत्र गरिदिने व्यवस्था हुन नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०८०/०४/३० को निर्णयानुसार अनुरोध छ।

..............................
सौगात सम्बाहाङफे
शाखा अधिकृत


ईमेलः plhcs.hcdmohp@gmail.com   वेब साईटः www.mohp.gov.np

## डेंगी रोकथाम तथा नियन्त्रण सम्बन्धि पत्राचार सम्बन्धमा

प्रदेश (सबै)

- डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागबाट जारी भएको डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना ०७९/०८० अनुसार क्रियाकलापहरु संचालन गर्ने ।
- डेंगी रोकथाम तथा नियन्त्रण सम्वन्धि सूचनाको उत्पादन, प्रकाशन तथा वितरण गर्ने । स्थानीय रेडियो, टेलिभिजन,अन्य आम संचार माध्यम तथा सामाजिक संजाल बाट डेंगी रोग रोकथामको सूचना प्रवाह गर्ने ।
- डेंगी सार्ने लामखुट्टेको लार्भाको बासस्थानको खोज तथा नष्ट गर्ने अभियान संचालन गर्ने, बहुनिकाय समन्वय मार्फत समुदायमा आधारित विभिन्न संघ संस्थाहरुलाई समेत परिचालन गर्ने । जिल्ला तथा स्थानीय तहलाई सहजीकरण गर्ने ।
- प्रदेश अन्तरगतका सबै अस्पताल यवं स्वास्थ्य संस्थाहरुलाई डेंगी रोगको निदान तथा उपचारको लागि तयारी आवस्थामा राखुको साथै निदान तथा उपचार सम्बन्धी किट र औषधिको ब्यवस्थापन समेत गर्ने । डेंगी रोगका विरामीहरु वढि रहेको अवस्थामा आवस्यकता अनुसार फिवर क्लिनिक (Fever Clinic) संचालन गर्ने लगाउने ।
- निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुबाट बिरामीहरुको बिवरण नियमित रुपमा EWARS मार्फत प्रतिबेदन गर्न लगाउने। डेंगीको बिरामीहरुको तथ्यांक भेरीफिकेसन र फलोअप गर्ने।
- डेंगी सार्ने बाहक (लामखुट्टे) को निश्चित ठाउँहरुमा त्रैमासिक रुपमा नियमित निगरानी गर्ने (त्रैमासिक: वैशाख-जेष्ठ, भाद्र-आश्विन, माघ-फाल्गुण) ।

स्थानीय तहहरु (सबै)

- डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागबाट जारी भएको डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना ०८९/०८० अनुसार क्रियाकलापहरु संचालन गर्ने ।
- स्थानीय भाषाहरुमा डेंगी रोकथाम तथा नियन्त्रण सम्वन्धि सूचनाको उत्पादन, प्रकाशन तथा वितरण गर्ने । स्थानीय रेडियो, टेलिभिजन, अन्य आम संचार माध्यम तथा सामाजिक संजाल बाट डेंगी रोग रोकथामको सूचना प्रवाह गर्ने।
- डेंगी सचेतनाका लागि बिद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने।
- आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व.से तथा सामाजिक संघ संस्था को सहयोग/सहकार्यमा डेंगी सचेतनाका लागि घरदैलो कार्यक्रम गर्ने।
- डेंगी सार्ने लामखुट्टेको लार्भाको बासस्थानको खोज तथा नष्ट गर्ने अभियान संचालन गर्ने, बहुनिकाय समन्वय मार्फत समुदायमा आधारित विभिन्न संघ संस्थाहरुलाई समेत परिचालन गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

- सार्वजनिक स्थलका पानी जम्ने खाल्डाखुल्डी, भूमिगत पार्किङ स्थल, निर्माणाधीन भवन, अव्यवस्थित ग्यारेज, कवाडी खाना लगायतका स्थानहरुको निगरानी तथा नियमन गरि खोज तथा नष्ट गर्ने अभियानलाईनिरन्तरता दिने ।
- स्थानीय तह अन्तरगतका अस्पताल यवं स्वास्थ्य संस्थाहरुलाई डेंगी रोगको निदान तथा उपचारको लागि तयारी आवस्थामा राखुको साथै निदान तथा उपचार सम्बन्धी किट र औषधिको व्यवस्थापन समेत गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं